# दुहवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ५ प्रकाशन मिति : २०७७/०३/१४

## भाग १

# दुहवी नगरपालिका

## प्रशासकीय कार्यविधिलाई नियमित गर्न बनेको ऐन, २०७७

# प्रशासकीय कार्यविधिलाई नियमित गर्न बनेको ऐन, २०७७

कार्यपालिकाबाट पारित मिति : २०७७/०३/१०
प्रमाणिकरण मिति :२०७७/०३/११

प्रस्तावना: नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित र व्यवस्थित गर्न आवश्यक भएको हुँदा नेपालको संविधानको धारा २२६ बमोजिम यो ऐन बनाउन बान्छनीय भएकोले नेपालको संविधानको धारा २२३ बमोजिमको नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन दुहबी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले प्रशासकीय कार्यविधि नियमित गर्न बनेकको ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले दुहबी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले दुहबी नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले दुहबी नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नियम बनाउने अधिकार : कार्यपालिकाले यस ऐन बमोजिम नियम बनाउँदा प्रशासनिक कार्यको नियमन, ब्यवस्थापन, स्थानीय सेवाको संचालन, अनुगमन, सभाबाट स्वीकृत कार्यक्रमको संचालन एवं आन्तरिक कार्य जिम्मेवारीलाई पारदर्शी ढंगले ब्यवस्थापन र संचालन गर्ने कार्यका लागि नगरपालिकाले नियम बनाई लागु गर्न सक्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने : (१) संविधान तथा यस ऐन अर्न्तगत वनेको नियमावलीको अधिनमा रही वा यस ऐन बमोजिम कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५. बचाउ : यो ऐन प्रारम्भ हुनुभन्दा पहिले कार्यपालिकाले यस ऐन अनुरुप हुने गरी गरेको कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत